# आर्थिक बर्ष २०७९।०८० को आय-व्यय विवरण

## परिचय तथा समीक्षा

**सभाध्यक्ष महोदय, सभामा उपस्थित सभासदस्यहरु, राष्ट्रसेवक कर्मचारी, पत्रकार,सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरुलाई विजयनगर गाउँपालिकाको एघारौं गाउँसभामा हार्दिक स्वागत अनि आभार व्यक्त गर्दछु ।**

### पृष्ठभूमी

विजयनगर गाउँपालिकाको गरिमामय यस एघारौ गाउँसभामा आर्थिक बर्ष २०७९।०८० को बार्षिक बजेट प्रस्तुत गर्न उपस्थित भएको छु । आर्थिक वर्ष २०७९।०८० को बार्षिक बजेट प्रस्तुत गरिरहदा देशमा हालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना सम्मका विभिन्न कालखण्डमा लोकतन्त्र र सुशासनका लागि आफ्नो प्राण आहुती गर्ने ज्ञात अज्ञात महान शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । घाइते योद्धा तथा बेपत्ता नागरिकहरुप्रति उच्च सम्मानका साथ सम्झन चाहान्छु । नेपालको समाज रुपान्तरणका क्रममा अग्रपंक्तिमा रहेर नेतृत्वादायी भूमिका निर्वाह गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्न चाहान्छु ।

यस विजयनगर गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को बार्षिक बजेट प्रस्तुत गरिरहदा स्वाधीन, समुन्नत एवं आत्मनिर्भर अर्थतन्त्र निर्माणको आवश्यकता र संविधानले निर्दिष्ट गरेको समाजवाद उन्मुख अर्थव्यवस्थाको आधार निर्माण गर्न गरिबीको रेखामुनी रहेका तथा राष्ट्रभेद र बहिष्करणमा परेका बर्ग,क्षेत्र, जाती,लिङ्ग र समुदाय लगायत सबै नागरिकहरुको राष्ट्रविकास र समृद्धिको आकांक्षा सम्बोधन गर्न बजेट केन्द्रित गरेको छु ।

कोभीड-१९ महामारीको प्रभाव स्वरुप शिथिल भएको अर्थतन्त्र र सबैधानिक बिषम परस्थितिमा स्थानीय तह सदस्य निर्वाचन २०७९ सम्पन्न भएको व्यहोरा सबैमा अवगत नै छ । वर्तमान निर्वाचित जनप्रतिनिधीका सामु कोभिड-१९ महामारीको नियन्त्रण गर्दै जनस्वास्थको रक्षा गर्ने,पालिकोको समृद्धी र विकासलाई हातेमालो गरी अघि बढाउने गहन जिम्मेवारी प्राप्त भएको छ । उक्त जिम्मेवारी निर्वाह गर्दै विजयनगर गाउँपालिकाको आर्थिक, सामाजिक विकासलाई अगाडि बढाउन स्थानीय सरकार प्रतिबद्ध रहेको छ ।

आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, नेपालको दिर्घकालीन विकास लक्ष्य, पन्ध्रौ योजना,  गाउँपालिकाको नीति तथा कार्यक्रम, विनियोजन विधेयक २०७९ को सिद्धान्त र प्राथमिकता, गाउँपालिकाको साझा न्युनतम कार्यक्रमलाई मार्गदशनको रुपमा लिएको छु । आम नागरिक, राजनैतिक दल, विद्धत वर्ग, नागरिक समाज, निजी क्षेत्र, लगायत पिछडिएका एंवम सिमान्तकृत बर्ग सहित सरोकारवालाबाट प्राप्त सुझावलाई समेत आधार लिएको छु ।

आदरणीय सभाध्यक्ष महोदय,

अव म **चालु आ.व. २०७८।०७९ को नीति कार्यक्रम तथा बजेटको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहान्छुः**

## चालु आ.व. २०७८।०७९ को नीति कार्यक्रम तथा बजेटको समीक्षा

चालु आ.व.२०७८।०७९ का लागि ल्याइएको नीति कार्यक्रम तथा बजेट कार्यान्वयको २०७८ जेष्ठ मसान्त सम्मको अवस्था तुलनात्मक रुपमा धेरै सन्तोषजनक देखिएको छ। बजेट कार्यान्वयनको महत्वपूर्ण चरणमा देखिएका विशेष परिस्थितिहरुको बावजुद जेष्ठ मसान्त सम्म करीव ६० प्रतिशत बजेट खर्च भइसकेको अवस्था छ। चालु आ.व. को कूल ५९ करोड ८८ लाख २ हजार ५ सय ९२ रुपैया ६३ पैसा संसोधित बजेट अनुमान गरिएकोमा २०७९ आषाढ १० सम्म रु ५४ करोड २६ लाख ४० हजार ५९२ रुपैया पैसा ८५ मात्र गाउँपालिकाको खातामा आम्दानी भएको छ। जसमध्ये चालु तर्फ बजेट रु ३१ करोड ५४ लाख ५७ हजार २३० र पूँजिगत तर्फ २८ करोड ३३ लाख ४५ हजार ३६३ रहेको छ। सोही अवधिसम्म चालु तर्फ रु २२ करोड ५४ लाख ८० हजार ६२० अर्थात चालु तर्फको कूल आम्दानीको ७२ प्रतिशत रकम खर्च भएको छ भने पूँजिगत तर्फ रु १४ करोड ७४ लाख ४४२ अर्थात ५३ प्रतिशत रकम खर्च भएको छ। यसरी समग्रमा हेर्दा आषाढ १० सम्म कूल प्राप्त बजेटको ६३ प्रतिशत रकम खर्च भएको अवस्था छ।

चालु आ.व. मा विशेष गरि पूर्वाधार विकासका क्षेत्रमा उल्लेख्य प्रगति हासिल भएको छ राजमार्गबाट गाउँपालिका सम्म कालोपत्रे सडकले जोड्न सफल भएका छौं। गाउँपालिका भित्र अन्तर वडा तथा गाउँपालिका जोडने मुख्य सडकहरु कालोपत्रे तथा स्तरोन्नती भएको छ भने वडा कार्यालयहरुको प्रशासकीय भवन निर्माणको काम यसै आर्थिक बर्ष सम्पन्न हुने गरि निर्माण कार्य जारी रहेको छ। गाउँपालिका भित्रका अधिकांश गाउँहरु पि.सि.सि. ढलानयुक्त भएका छन् भने गाउँपालिकालाई धुलो र हिलो मुक्त गाउँपालिका बनाउने गरि आगामी आ.व. मा बाँकी कामहरु सम्पन्न गर्न प्रस्ताव गरिएको छ। आर.टि.यो. सडक निर्माण सम्पन्न भएपछि गाउँपालिकाको मुहार फेरिएको छ भने हुलाकी सडक निर्माणको कार्य तीव्र गतिले भइरहेकाले उक्त सडकको निर्माण सम्पन्न पश्चात गाउँपालिकाको विकासको गतिले छलाङ्ग लिने सहजै अपेक्षा गर्न सकिन्छ।

सामाजिक विकास तर्फको नीति कार्यक्रम कार्यान्वयको अवस्था सन्तोषजनक रह्यो। गाउँपालिकाको सबै क्षेत्रका जनतालाई समेट्ने गरि गाउँपालिका भित्र हाल तीन वटा बर्थिङ्ग सेन्टर सञ्चालनमा रहेका छन्। जसबाट पालिकाबासी जनताले सहज रुपमा स्वास्थ्य सेवा पाईरहेका छन्। सामुदायिक तथा धार्मिक विद्यालयका जीर्ण भवनहरु मर्मत सुधार तथा थप नयाँ भवनको निर्माण कार्य केहि सम्पन्न भइसकेको छ भने केहि क्रमागत रुपमा निर्माणको क्रममा रहेका छन। विद्यार्थी शिक्षक अनुपात मिलाई शिक्षक अभाव पूर्ति गर्न गाउँपालिकाले शिक्षक सेवा आयोग सँग स्थायी कर्मचारीको माग गरेको छ। विपन्न नागरिक उद्धार,राहत लगायत विभिन्न सामाजिक-सांस्कृतिक क्षेत्रका उल्लेखनीय कामहरु भएका छन्। प्रकोप व्यवसस्थापन कोषबाट आइपरेका विभिन्न विपद्हरुमा राहत वितरणका कामहरु भएका छन्। नदी नियन्त्रणका लागि तटबन्ध निर्माणका कामहरु भएका छन्।

गाउँपालिका भित्र सञ्चालन हुने योजनाहरु गुणस्तरीय रुपमा सम्पन्न गर्न तथा फरफारक र भूक्तानी प्रक्रियालाई सरल र सहज गर्न उपभोक्ता समितिहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन,सूचना तथा जानकारीका लागी डिजिटल बोर्ड जडान काममा सहजताको लागी सफ्टवेयर जडान गरि सेवा प्रवाहलाई चुस्त दुरुस्त पारिएको छ। सामाजिक सुरक्षा भत्ता वितरण कार्य पूर्ण रुपमा बैंकिङ्ग प्रणालीबाट गरिएको छ भने घटना दर्ता तथा पञ्जिकरण सम्वन्धी कामलाई डिजिटाइज गर्ने काम सम्पन्न भइसकेको छ। व्यक्तिगत घटना दर्ताको कामलाई यसै बर्ष पूर्ण रुपमा अनलाइन प्रणालीमा आवद्ध गरिएको छ। गाउँपालिकाबाट हुने भूक्तानी प्रणालीमा इलेक्ट्रोनिक फण्ड ट्रान्स्फर अर्थात विद्युतीय माध्यमबाट सोझै सेवाग्राहीको बैंक खातामा रकम जम्मा हुने प्रणाली लागू गरि भूक्तानी प्रणालीलाई छिटो सरल सहज र पारदर्शी बनाइएको छ। नागरिक वडापत्र व्यवस्थापन, गाउँ आवधिक योजना आन्तरिक नियन्त्रण प्रणाली निर्माण लगायत संस्थागत विकास सुशासन र सार्वजनिक सेवा प्रवाहका लागि भएका महत्वपूर्ण कार्यहरु हुन्।

यस आर्थिक बर्षमा लक्ष्य गरिएका योजना तथा कार्यक्रमहरु मध्ये करीव ९० प्रतिशत कामहरु सम्मन्न हुने अवस्थामा रहेका छन्। भौतिक पूर्वधार तर्फका अधिकांस योजना सम्पन्न भएका छन् भने कतिपय योजनाहरु कार्यान्वयनको चरणमा छन्। सिंचाई योजना खानेपानी, सडक विस्तार तथा स्तरोन्नती, भवन निर्माणका लक्षित कामहरु केहि अधुरा भएपनि अधिकांश सम्पन्न भएका र हुने क्रममा छन्।

## आगामी आ व २०७९।०८० को मुख्य मुख्य कार्यक्रम योजना तथा बजेट

**सभाध्यक्ष महोदयः** अव म वजेटको दीर्घकालीन सोंच, लक्ष्य, उद्धेश्य, प्राथमिकताका क्षेत्र तथा अपेक्षित उपलव्धी प्रस्तुत गर्न चाहान्छुः

**दीर्घकालीन सोचः** कृषि, शिक्षा, स्वास्थ्य, पूर्ण रोजगार र पूर्वाधार विकासको मध्यमबाट सामाजिक सद्धावयूक्त सुसम्पन्न गतिशिल र समुन्नत गाउँपालिकाको आधार निर्माण गर्नु यसको दीर्घकालीन सोँच रहेको छ।

**लक्ष्यः** आधुनिक कृषि प्रणालीको विकास र व्यवसायीकरण ,गुणस्तरीय आधारभूत शिक्षाको प्रत्याभूती आधारभूत स्वास्थ्य सेवामाथी आम जनताको पहूँच सुनिश्चित गर्दै भौतिक पूर्वधारयुक्त, रोजगारमुलक आत्मनिर्भरतातर्फ उन्मुख, सामाजिक सद्धाव सहितको समृद्ध र समुन्नत गाउँपालिका निर्माण गर्ने लक्ष्य रहेको छ।

**वजेटका उद्धेश्यः-**

१ प्राकृतिक प्रकोपहरुबाट विजयनगरबासीको जीवनरक्षा गर्न प्रकोप व्यवस्थापन तथा स्वास्थ्य क्षेत्रको पूर्वाधार विकास,जनशक्ति र क्षमता विस्तार गर्ने।

२ व्यक्तिको रोग प्रतिरोधी क्षमताको विकास प्रकोपबाट हुने क्षतिको न्यूनिकरण राहत तथा पूनर्स्थापनामा विशेष जोड दिँदै आधारभूत स्वास्थ्य सेवाको सरल र सहज पहूँच बृद्धि गर्ने।

३ कृषि,पशुपालन तथा व्यवसायिक र सीपमूलक तालिमका माध्यमबाट उत्पादन र उत्पादकत्वमा बृद्धि गर्दै रोजगारीका अवसरहरु सिर्जना गरि सवल र आत्मनिर्भर गाउँपालिकाको विकास गर्ने।

४ लक्षित बर्ग महिला, बालबालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरु, अति गरिव तथा विपन्न र यूवा लक्षित जीवनोपयोगी सीपमूलक तथा आय आर्जनमा टेवा पूर्याउने कार्यक्रम मार्फत आत्मनिर्भर र गतिशील बनाउन सहयोग गर्ने

५ भौतिक पूर्वाधार विकास सँगै सामाजिक विकासका सूचकहरुमा उल्लेख्य सुधार गरि समृद्ध गाउँपालिका निर्माण गर्ने

६ सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री सरल,सवल र पारदर्शी बनाई सुशासन प्रत्याभूत गर्ने।

**बजेटका प्राथमिकताहरुः**

**१ प्राकृतिक प्रकोपबाट जनताको जीवन रक्षा**

२ सामाजिक क्षेत्रको विकास र विस्तार

३ दीगो पूर्वाधार विकासमा जोड

४ सार्वजनिक खर्चमा मितव्ययीता तथा नतीजामुखी प्रशासन

५ व्यवसायीक सीप विकास र रोजगारी सिर्जना

६ वातावरणीय संरक्षण तथा सम्वर्धन

७ धार्मिक संस्कृतिको विकास संरक्षण तथा प्रवर्धन

८ पर्यटन प्रवर्धन

**अपेक्षित उपलब्धीः** आ.व. २०७९।०८० को बजेट कार्यान्वयनबाट निम्नानुसार उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ।

१ सेवा प्रवाहमा पारदर्शिता र प्रविधिमा दक्षता संगै सुशासन प्रवर्द्धन भएको हुनेछ।

२ कृषि, पर्यटन, उद्योग, सहकारी तथा वित्तीय क्षेत्रको विकासबाट समग्र आर्थिक सूचकांकमा सुधार आउनेछ।

३ आम जनताले निर्वाध रुपमा आधारभुत शिक्षा र स्वास्थ्य माथिको आफ्नो पहुँच कायम गरेका हुनेछन्

४ **"स्वस्थ जीवनका लागि स्वच्छ खानेपानी"** को नीतिबाट प्रत्येक व्यक्तिले स्वच्छ खानेपानीको उपभोग गरेका हुनेछन्।

५ संस्कृतिको संरक्षण र प्रवर्धन धार्मिक,सामाजिक,लैंगिक समावेसीकरण र सशक्तिकरणसँगै प्रेत्यक व्यक्तिले आत्मसम्मान महशुस गरेका हुनेछन्।

६ स्थानीय सडक,सामुदायिक भवन, पुल-पुलेसा, उर्जा, सञ्चार क्षेत्रको भौतिक पूर्वाधार निर्माणको निर्वाध उपभोग भएको हुनेछ।

७ विपदको समयमा आम जनताले स्थानीय सरकार भएको प्रत्यक्ष अनूभुत गर्नेछन्। दमकल र एम्बुलेन्स सेवाको सहज उपलब्धता भएको हुनेछ।

**अव म आ व २०७९।०८० को मुख्य मुख्य बार्षिक योजना तथा कार्यक्रमहरुको छोटकरी विवरण पेश गर्न चाहान्छुः**

**आर्थिक विकासः**

१ गाउँपालिका भित्र रहेका कृषकहरुको पहिचान गरि उनीहरुको बर्गिकरण तथा व्यवसायिक कृषि प्रबर्द्धनका लागि कृषक सूचिकरण कार्यक्रम सञ्चालनमा ल्याइने छ। यसका लागि लगत सङ्कलनको काम सम्पन्न भइसकेको छ। कृषि क्षेत्रको व्यवसायिकरण गरि विजयनगर गाउपालिकालाई आत्मनिर्भर उन्मुख गराउन गाउँपालिका क्षेत्रभित्र मकै मिशन कार्यक्रम सञ्चालनमा ल्याउन आवश्यक बजेट विनियोजन गरिएको छ।

विजयनगर गाउँपालिका बजेट वक्तव्य २०७८

२ सञ्चालनमा रहेका कृषि तथा पशु विकास पकेट कार्यक्रमहरु लाई निरन्तरता दिइनेछ भने थप पकेटहरु स्थापना गरिनेछ। तरकारी फलफूल ढैंचा च्याउको कीट वितरण कृषि उपकरणहरुमा अनुदान उपलव्ध गराइनेछ। विषादी तथा मल बितरण कृषि तर्फ खाध्यान्न फलफूल तरकारी तथा पशुविकास तर्फ भैंसी बाख्रा बङ्गुर कुखुरा आदिको पकेट क्षेत्र विकास र विस्तार गरिने छ। अनुदानमा कृषि सामग्री तथा उपकरणहरु वितरण गरिनेछ। यसबाट कृषिको व्यवसायिकरण हुने कृषकहरु आत्मनिर्भर हुने र समग्र आय आर्जनको क्षेत्रमा बढोत्तरी भइ आर्थिक विकासमा सयोग पुग्नेछ। यसका लागि कृषि तथा पशु विकासका क्षेत्रमा रु ८४ लाख ५० हजार वजेट विनियोजन गरिएको छ।

३ गाउँपालिका भित्र रहेका ताल तलैयाहरुको संरक्षण तथा संबर्धन गरिनेछ साथै सिंचाईका लागि ताल पोखरी कुलो निर्माण तथा स्यालो ट्यूवेल जडान र तटबन्ध कार्यक्रमको लागी एकमुष्ठ १ करोड ५० लाख विनियोजन गरीएको छ । कृषि हाट बजार सञ्चालन, विभिन्न सार्वजनिक स्थल निर्माण लगाएतका कार्यहरुबाट पर्यटन क्षेत्रको विकास हुने अपेक्षा गरिएको छ। सहकारी क्षेत्र,उद्योग वाणिज्य तथा वित्तिय क्षेत्रको विकास र प्रवर्धनको माध्यमबाट आर्थिक विकासमा प्रत्यक्ष टेवा पुग्ने अपेक्षा राखि यसका लागि आबश्यक वजेट विनियोजन गरिएको छ।

४ गाउँपालिका भित्र उद्योगग्राम स्थापनाका लागि जग्गा व्यवस्थापन भई विस्तृत परियोजना सर्वेक्षणको प्रक्रिया सुरु भएकोछ। यसबाट उद्योग विकासको क्षेत्रमा गाउँपालिकाले उल्लेखनीय फड्को मार्ने अपेक्षा गरिएको छ।

५ गाउँपालिकाका विभिन्न स्थानमा साना सिंचाई कार्यक्रम अन्तर्गत वोरिङ्ग जडान गर्न प्रयाप्त वजेट विनियोजन गरिएको छ। आय आर्जनमा टेवा दिने किसिमका विभिन्न सीपमूलक तालिमहरु सञ्चालन गरिनेछ यसका लागि उल्लेख्य बजेट विनियोजन गरिएकोछ।

६ कृषि विकास रणनीति यूवा रोजगारीका लागि रुपान्तरण पहल कार्यक्रम प्रधानमन्त्री रोजगार कार्यक्रम लघुउद्यम विकास कार्यक्रम प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम लगायत संघीय तथा प्रदेश अनुदान र गाउँपालिकास्तरीय तथा वडास्तरीय योजना तथा कार्यक्रम समेत आर्थिक विकासका क्षेत्रमा ४ करोड २१ लाख ८० हजार विनियोजन गरिएको छ यसबाट विजयनगर गाउँपालिकाको आर्थिक विकासमा उल्लेखनीय टेवा पुग्ने अपेक्षा गरिएको छ।

**सामाजिक विकासः**

७ सामाजिक विकास तर्फ शिक्षाको गुणस्तर प्रर्वधन आधारभुत स्वास्थ्य सेवा माथी सहज पहूँज स्थापना गर्ने, विभिन्न धर्म सांस्कृतिको संरक्षण र प्रर्वधन गर्न प्रयाप्त वजेटको व्यवस्था गरिएकोछ। यसबाट सामाजिक क्षेत्रको विकासमा उल्लेखनीय सुधार आई सन्तुलित र सुमुन्नत समाजको निर्माण हुने विश्वास लिएको छु।

८ सबै घरमा पक्की शौचालय निर्माणको कामलाई यस बर्ष पनि निरन्तरता दिएको छु। गाउँपालिको लक्ष्य अनुरुप नेपाल सरकारको बिशेष अनुदानबाट यस आ व मा विजयनगर गाउँपालिकाका प्राथमिकता प्राप्त गरीव विपन्न र आर्थिक अवस्था कमजोर भएका घरपरिवार छनौट गरि करीव २५० भन्दा बढी घर परिवारमा पक्की

शौचालय निर्माण गरिने छ यसका लागि नेपाल सरकार विशेष अनुदान मार्फत रु १ करोड रकम विनियोजन गरिएको छ । यस कार्यबाट सामाजिक व्यवहार स्वास्थ्य सरसफाइ तथा पोषण सुधारको क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल हुनेछ ।

९ नेपाल सरकारको सुरक्षित नागरिक आवास विकास कार्यक्रम अन्तर्गत विजयनगर गाउँपालिकाका ३३० घर परिवारलाई सुरक्षित आवास निर्माण गरि हस्तान्तरण गरिने छ यसका लागि रु १ करोड ६५ लाख रकम विनियोजन गरिएको छ ।

१० समाजमा रहेको छोरी प्रतिको नकारात्मक मनोबृतिलाई निश्तेज पारी लैङ्गिक समानता कायम गर्न तथा घरायसी बिविध कारणबाट शिक्षाको उज्यालो घामबाट बञ्चित हुन पुगेका तथा कक्षा छाड्नेहरुको हालको अवस्थालाई मध्यनजर गरि आगामी दिनहरुमा त्यसो हुन नदिन र छोरा र छोरीबीचको भेदभाव अन्त्य गर्नका लागि **छोरी बचाउँ छोरी पढाउँ** अभियान सञ्चालनलाई निरन्तरता दिन रु ८ लाख बजेट विनियोजन गरिएको छ । विपन्न असहाय तथा अनाथ बालबालिकाहरुको शैक्षिक सहायताको लागि आवश्यक रकम विनियोजन गरिएको छ । यसबाट छोरा र छोरी बीचको भेदभावको अन्त्य हुने जिरो होम डेलिभरीको अभियानलाई टेवा पुग्ने विद्यालय भर्नादर बढ्ने तथा पढाई छोड्ने दरमा कमी आउने विश्वास गरिएकोछ ।

११ **स्वस्थ जीवनका लागि स्वच्छ खानेपानी** अभियान सञ्चालन गरिनेछ । यसै आर्थिक बर्षमा स्वस्थ खानेपानीका लागि ५० प्रतिशत अनुदानमा बायोस्याण्ड फिल्टर जडान गर्नका लागि रु १० लाख रकम विनियोजन गरिएको छ भने खानेपानी धारा जडानका लागि उल्लेख्य बजेट विनियोजन गरिएको छ यस कार्यबाट यसै बर्ष विजयनगर गाउँपालिकाका सम्पुर्ण घर परिवार लाभान्वित हुने अपेक्षा गरिएको छ ।

१२ गाउँपालिका अन्तर्गत जीर्ण अवस्थामा रहेका सामुदायिक विद्यालय तथा मदरसाहरुको मर्मत तथा थप निर्माणका लागि आवश्यक रकम विनियोजन गरिएको छ । यसबाट शैक्षिक क्षेत्रमा थप सुधार आउने अपेक्षा गरिएको छ ।

१३ प्रविधि मैत्री पूर्वाधार, क्षमता अभिवृद्धि र समुदाय परिचालनको माध्यमबाट शिक्षामा पहुँच, समावेशीकरण र गुणस्तर सुधार परियोजनाको लागी सघीय विशेष अनुदानबाट ७० लाख बजेट विनियोजन गरीएको छ । यसबाट शिक्षा क्षेत्रको गुणस्तरमा उल्लेख्य सुधार हुने अपेक्षा गरिएको छ ।

**पूर्वाधार विकासः**

१३ नेपाल सरकारको हरेक स्थानीय तहहरुमा ५ १० र १५ शैयाको विशेषज्ञ डक्टर सहितको सुविधा सम्पन्न अस्पत्ताल स्थापना गर्ने नीति अनुरुप विजयनगर गाउँपालिकामा १५ शैयाको अस्पत्ताल निर्माणका लागि चालु आ.व मा रु १६ करोड बढि रकममा सम्झौता भई कार्य सुरु भएको छ । आगामी २ बर्ष भित्रमा अस्पत्ताल निर्माणको काम सम्पन्न भइ गाउँपालिका भित्रका आम जनता आधारभूत स्वास्थ्य सेवाको भरपर्दो पहूँचमा हुने विश्वास लिइएको छ ।

१४ नेपाल सरकारको समपूरक अनुदान, प्रदेश सरकारको समपूरक अनुदान र गाउँपालिकाको साझेदारीमा गाउँपालिका स्थित मिलनचोक अम्लहवा मानपुर सडक खण्ड स्तरोन्नती तथा कालोपत्रे गरिने छ यसका लागि रु ५ करोड विनियोजन गरिएको छ ।

१५ प्रदेश सरकारको समपूरक अनुदान र विजयनगर गाउँपालिकाको साझेदारीमा गाउँपालिकाको विकासका लागि कोषे ढुङ्गा मानिएका महत्त्वपूर्ण सडकहरु गणेशपुर ढोडरी खुरुहुरिया प्रेमनगर सडक र महादेव डालपुर नयाँबस्ति नौरङ्गिया जववैराठ सडक कालोपत्रे तथा स्तरोन्नती गरिने छ यसका लागि रु २ करोड रकम विनियोजन गरिएको छ।

१६ बुद्धनगर भु.पु. बस्ती सिचाई योजना,पर्सहवाडिहवा र मौवाबारी भटनी नालामा पुल निर्माण, नेवलागन्ज र बगहियामा कल्भट निर्माण, बेतनी,लोहरौला, झुलिनियाका विभिन्न ठाउँ जोडने सडक कालोपत्रे तथा ज्योति प्रा.बि भवन निर्माण सम्पन्न गरीनेछ यसका लागि रु ८० लाख रकम विनियोजन गरिएको छ।

१७ विजयनगर गाउँपालिकालाई उज्यालो र सुरक्षित पालिकाको रुपमा विकास गर्न गाउँपालिकाका मुख्य सडक तथा चोकहरुमा सडक बत्ती जडान गर्न रु २० लाख रकम विनियोजन गरेको छु।

१८ **स्वास्थ्यका लागि खेलकूद** भन्ने मान्यतालाई आत्मसात गर्दै यूवालक्षित खेलकूद कार्यक्रम विभिन्न क्लवस्तरीय खेलकूद विद्यालय स्तरीय खेलकूद अन्तरस्थानीय तहका खेलकूदहरु आयोजना गर्न आवश्य बजेट विनियोजन गरिएको छ। गाउँपालिकास्तरीय सुविधा सम्पन्न एउटा खेल मैदान निर्माणको कार्य अघिल्ला बर्षहरु देखि नै हुँदै आएकोमा थप स्तरोन्नती गर्न खेल मैदान निर्माण तथा स्तरोन्नतीका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

माथी उल्लेख गरिएका महत्वपूर्ण योजना तथा कार्यक्रमको अलवा संघीय सरकार प्रदेस सरकार गाउँपालिका र वडास्तरमा छनौट भएका प्राथमिकता ठूला तथा साना योजनाहरु सहित पूर्वाधार विकास तर्फ कूल २३ करोड ५४ लाख ४५ हजार बजेट विनियोजन गरिएको छ यसबाट आधारभूत भौतिक पूर्वाधार निर्माण हुन गइ गाउँपालिकाबासीको जीवमा थप सहजता आउने विश्वास लिएको छु।

**वातावरण तथा विपद व्यवस्थापनः**

१९ गाउँपालिकामा उत्पादन हुने फोहोरको उचित व्यवस्थापनका लागि उपयुक्त ल्याण्डफिल्ड साइडको संभाव्यता अध्यपन गरिने छ। पोखरी, सीमसार क्षेत्रको संरक्षण, प्रर्वधन, व्यवस्थापन गरि वातावरण सन्तुलन राख्न तथा साना सिंचाईका माध्यमबाट कृषि उत्पादनमा वृद्धि ल्याउन आवश्यक पर्ने बजेट विनियोजन गरेको छु।

२० गाउँपालिकामा बृक्षरोपण अभियानलाई निरन्तता दिन रु ५ लाख बजेट विनियोजन गरेको छु। नदी नालाबाट नदीजन्य पर्दाथ उत्खन्न गरि राजस्व वृद्धि गर्न गरिने कामहरुमा वातावरणीय प्रभाव मूल्याङ्कन गरि प्राकृतिक वातावरणमा असन्तुलन ल्याउने कामहरु बन्द गरि कडाईका साथ नियमन गरिनेछ। जोखिमयुक्त स्थानहरुमा तटबन्धन निर्माण गरिनेछ यि सबै कामका लागि रु ५० लाख विनियोजन गरेको छु।

२१ साधन स्रोत जनशक्ति व्यवस्थापनमा विशेष जोड दिंदै स्थानीय प्रकोप व्यवस्थापन कोष व्यवस्थित परिचालन गरिनेछ। प्राकृतिक प्रकोपहरुबाट जनधनको रक्षा गर्न स्थानीय तहको जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गरिनेछ। विपद् व्यवस्थापन कोषको सञ्चालन प्रभावकारी ढङ्गबाट गरिनेछ। जसका लागी रु २० लाख बिनियोजन गरेको छु।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासनः**

**२२** जनताको सर्वसुलभ न्याय माथीको पहुँच वृद्धि गर्न तथा मेलमिलापका माध्यमबाट सामाजिक सन्तुलन कायम गर्न गाउँपालिका न्यायिक समितिको क्षमता विकास गरिनेछ।

२३ प्रविधिको उच्चतम उपयोग गरि सेवा प्रवाहलाई छिटो, सरल, सर्वसुलभ,पारदर्शी बनाउन कर्मचारीको क्षमता विकास संगै गाउँपालिकालाई आधुनिक प्रविधि मैत्री बनाइनेछ । कर्मचारीको मनोबल उच्च राख्दै काम प्रति प्रेरित गर्न गाउँपालिकाको आयलाई मध्यनजर गरि प्रोत्साहन भत्ता उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरिएको छ । आन्तरिक पर्यटन प्रवर्धन समेत टेवा पुग्ने गरि कर्मचारी तथा जनप्रतिनिधिलाई आलोपालो व्यवस्था मिलाई अध्ययन अवलोकन तथा रिर्फेसमेन्ट भ्रमणको व्यवस्था गरिने छ यसको लागि आवश्य रकम विनियोजन गरिएको छ।

२४ कर्मचारीहरुका लागि विभिन्न विषयगत सीप तथा क्षमता विकास र पूनर्ताजगी तालिम कार्यक्रमहरु सञ्चालन गरि कामप्रति बढी जिम्मेवार र उत्तरदायी बनाउन रकम विनियोजन गरिएको छ।

२५ गाउँपालिका कार्यालय सहित सबै वडा कार्यालयहरु र विषयगत शाखाहरुबाट हुने आन्तरिक राजस्व सङ्कलन कार्यलाई व्यवस्थित गर्न तथा राजस्व प्रणाली सुदृढीकरण गर्नका लागि रकम विजियोजन गरिएको छ यसबाट राजस्व सङ्कलनमा सुधार आई आन्तरिक आम्दानीमा बृद्धि हुने अपेक्षा गरिएको छ।

२६ सूचना प्रणालीको प्रभावकारी व्यवस्थापन गरिनेछ। गुनासो व्यवस्थापन नागरिक वडापत्रको प्रयोगलाई सेवाग्राहीमैत्री गरिनेछ।

२७ बिभिन्न कारणबाट रोजगार गुमाएका र विदेशबाट फर्किएका युवा-युवतीहरुलाई लक्षित गरी यूवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ । विभिन्न सीप विकास तथा क्षमता विकासमूलक तालिम कार्यक्रम सञ्चालन मार्फत सीपयुक्त जनशक्ति उत्पादन गरि आय आर्जनमा बृद्धि गर्ने तथा आत्मनिर्भरतातर्फ उन्मुख गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

२८ स्थानीय सञ्चार क्षेत्रको प्रवर्धनका लागि आवश्यक बजेट विनियोजन गरेको छु । यस बाट सञ्चार क्षेत्रको विश्वसनीयता कायम राखी सहि र भरपर्दो सूचाना सम्प्रेषण हुने तथा पेशागत मर्यादा कायम रहने विश्वास लिइएको छ।

२९ गाउँपालिका भित्र हुने आपराधिक गतिविधिको निगरानी गर्न तथा आम विजयनगरवासीको सुरक्षित जीवन यापनका लागि गाउँपालिकाका मुख्य चोकहरुमा सि सि क्यामरा जडान गर्न तथा पालिकास्थित सुरक्षा निकायलाइ यस प्रति थप प्रेरित गर्न रु २० लाख रकम विनियोजन गरेको छु।

३० गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागी जग्गा व्यवस्थापन गरि संघीय सरकार सँग आवश्यक बजेट रकम माग गरिनेछ। वडाको प्रशासकीय भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ यसै आर्थिक बर्षको अन्त्य सम्म निर्माण सम्पन्न भइ वडा कार्यालयहरुको आफ्नै भवनबाट सेवा सुचारु गरिनेछ । नयाँ बन्ने वडा कार्यालय भवनको व्यवस्थापनका साथै गाउँपालिकाबाट प्रवाह गरिने सेवा प्रवाहलाई सरल सहज छिटो छरितो रुपमा गर्न आबश्यक भौतिक सामग्री खरिद तथा सेवा प्रवाहलाई आधुनिक प्रविधिमैत्री बनाउन आवश्यक कार्यका लागि आवश्यक रकम विनियोजन गरिएको छ।

**सभाध्यक्ष महोदय,**

अव म आय-व्ययको शिर्षकगत संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहान्छुः

## आय तर्फ

| शीर्षक | आ.व. २०७९/८०को अनुमान | आ.व. २०७९/८०को अनुमान अक्षरुपी |
|---|---|---|
| आय | ६११५३८०००.०० | ६१ करोड १५ लाख ३८ हजार |
| राजस्व | १६६७२९०००.०० | १६ करोड ६७ लाख २९ हजार |
| आन्तरिक श्रोत | १५७८००००.०० | १ करोड ५७ लाख ८० हजार |
| ११३१३ एकीकृत सम्पती कर | ३००००००.०० | ३० लाख |
| ११३१४ भुमिकर/मालपोत | १०००००.०० | १ लाख |
| ११३२१ घरवहाल कर | २०००००.०० | २ लाख |
| ११३२२ वहाल विटौरी कर( ऐलानी जग्गा,ताल पोखरी ठेक्का तथा वक्यौता असुली समेत) | ६००००००.०० | ६० लाख |
| ११६९१ अन्य कर | ३००००.०० | ३० हजार |
| १४१५१ सरकारी सम्पत्तीके बहालबाट प्राप्त आय | १५०००००.०० | १५ लाख |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | १००००.०० | १० हजार |
| १४२२१ न्यायिक दस्तूर | १००००.०० | १० हजार |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | १०००००.०० | १ लाख |
| १४२२४ परीक्षा शुल्क | ३००००.०० | ३० हजार |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ७०००००.०० | ७ लाख |
| १४२४२ नक्सापास दस्तुर | ५००००.०० | ५० हजार |
| १४२४३ सिफारिश दस्तुर | १२०००००.०० | १२ लाख |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ७०००००.०० | ७ लाख |
| १४२४५ नाता प्रमाणित दस्तुर | १०००००.०० | १ लाख |
| १४२४९ अन्य दस्तुर | १०००००.०० | १ लाख |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | २०००००.०० | २ लाख |
| १४२६५ अन्य क्षेत्रको आय | २०००००.०० | २ लाख |
| १४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत | १०००००.०० | १ लाख |
| १४३१३ धरौटी सदरस्याहा | ५००००.०० | ५० हजार |
| ३२१२२ बैंक मौज्दात | ०.०० | |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | १५०९४९००० | १५ करोड ९ लाख ४९ हजार |

| | | |
|---|---|---|
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | १००००००.०० | १० लाख |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर सघीय | ८६१५९२५०.०० | ८ करोड ६१ लाख ५९ हजार २५० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क सघीय | २८७१९७५०.०० | २ करोड ८७ लाख १९ हजार ७५० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ९१७००००.०० | ९१ लाख ७० हजार |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | १५०००००.०० | १५ लाख |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय स्थानीय तहबाट प्राप्त बाडफाड भई प्राप्त हुने राजश्व | २४४०००००.०० | २ करोड ४४ लाख |
| अन्य आय | १४०००००.०० | १४ लाख |
| १४५२९ अन्य राजस्व | ९०००००.०० | ९ लाख |
| १५१११ बेरूजू | ५०००००.०० | ५ लाख |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ४४४८०९०००.०० | ४४ करोड ४८ लाख ९ हजार |
| संघीय सरकार | ४०८६०००००.०० | ४० करोड ८६ लाख |
| १३३११ समानिकरण अनुदान | १३१५०००००.०० | १३ करोड १५ लाख |
| १३३१२ शसर्त अनुदान चालु | १८९००००००.०० | १८ करोड ९० लाख |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ३७१०००००.०० | ३ करोड ७१ लाख |
| १३३१५ विषेश अनुदान पुँजीगत | १७००००००.०० | १ करोड ७० लाख |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ३४००००००.०० | ३ करोड ४० लाख |
| प्रदेश सरकार | ३६२०९०००.०० | ३ करोड ६२ लाख ९ हजार |
| १३३११ समानिकरण अनुदान | ७२०९०००.०० | ७२ लाख ९ हजार |
| १३३१२ शसर्त अनुदान चालु | ८००००००.०० | ८० लाख |
| १३३१४ विषेश अनुदान चालु | ६००००००.०० | ६० लाख |
| १३३१६ समपुरक अनुदान चालु | १५००००००.०० | १ करोड ५० लाख |

## व्यय तर्फ

| सि.न. | शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | कूल चालु | **३६,८८,८०,०००** | **५७%** |
| २ | कूल पुजिगत | **२७,६७,९५,०००** | **४३%** |
| जम्मा | | ६४,५६,७५,००० | १००% |

## कूल बजेटको क्षेत्रगत बाँडफाँड

| सि.न. | शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | पुर्वाधार विकास | **२३,५४,४५,०००** | **३७%** |

| | | | |
|---|---|---|---|
| २ | सामाजिक विकास | २२,१३,४०,००० | ३४% |
| ३ | सेवा प्रवाह तथा सुशासन | २,९८,६५,००० | ५% |
| ४ | आर्थिक विकास | ४,२१,८०,००० | ७% |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११,६८,४५,००० | १७% |
| **जम्मा** | | ६४,५६,७५,००० | १०० % |

यसरी गाउँपालिकाको आ व २०७९।०८० का लागि कूल रकम **रु ६१ करोड १५ लाख ३८ हजार** अनुमान गरिएकोमा संघीय तथा प्रदेश सरकारबाट अन्तर सरकारी वित्तीय हस्तान्तरण मार्फत **रु ४४ करोड ४८ लाख ९ हजार** तथा राजस्व बाँडफाँड बाट अनुमान गरिएको रकम रु **१५ करोड ९ लाख ४९ हजार** र आन्तरिक आम्दानीको अंश **रु १ करोड ५७ लाख ८० हजार** रहेको छ। कुल व्ययको तुलनामा कुल आय **रु ३ करोड ४१ लाख ३७ हजार** अपुग रहेको छ यसरी न्युन हुन आएको रकमलाई बैंक मौज्दात र आन्तरिक तर्फको आयबाट पूर्ति गरिने छ। कूल बजेटलाई प्राथमिकता र आवश्यकताको आधारमा विभिन्न विषयगत क्षेत्रहरुमा छुट्याइएको छ।

**बजेट सम्बन्धी विस्तृत विवरण अनुसुचीहरुमा उल्लेख गरिएको छ।**

सभाध्यक्ष महोदय, **कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधार:विजयनगर समृद्धिको आधार** भन्ने मूल नारा समेतले दिशानिर्देश गरेको बजेट तथा कार्यक्रमको विस्तृत विवरण प्रस्तुत गरेको छु। सीमित श्रोत-साधनका वीच असीमित आवश्यकता पूरा गर्नुपर्ने बाध्यता हामी सँग छ। मैले यथासंभव उपलब्ध श्रोतलाई न्यायोचित ढङ्गबाट बाँडफाँड गर्ने प्रयत्न गरेको छु। आवश्यकहरु मध्ये अति आवश्यक क्षेत्रमा रकम विनियोजन गरिएको छ। यस वर्ष समेटिन नसकेका कार्यक्रमहरु प्राथमिकताका आधारमा आगामी वर्षहरुमा समट्दै लगिनेछ। यसको सफल कार्यान्वयनमा सम्बद्ध सबैपक्षको सहयोग रहने अपेक्षा गरीएको छ।
अन्तयमा, नीति कार्यक्रम तथा बजेट निर्माणका क्रममा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, सरोकारवाला सम्पूर्णलाई धन्यवाद दिन चाहान्छु। हामी सबै बजेटको कार्यान्वयनमा हातेमालो गरि अगाडि बढ्नेछौ। यो बजेट कार्यान्वयनबाट गाउँपालिकाले लिएको समुन्नत र समृद्ध गाउँपालिकाको सपना साकार हुने विश्वास लिएको छु।

**धन्यबाद ।।।**

**प्रस्तुतकर्ता**
**लक्ष्मी कुमारी चौधरी**
**उपाध्यक्ष**

विजयनगर गाउँपालिका बजेट वक्तव्य २०७८

विजयनगर गाउँपालिका बजेट वक्तव्य २०७८